**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 10.05.2025**

1. India Pak Ceasefire

भारत र पाकिस्तानले तत्काल लागू हुनेगरि गोलीबारी र सैन्य कारबाही रोक्न सहमति जनाएका छन्। विदेश सचिव विक्रम मिश्रीले नयाँ दिल्लीमा यस सम्बन्धमा घोषणा गर्नुभयो।। उहाँले पाकिस्तानका सैन्य अपरेशनका महानिर्देशकले आज दिउँसो युद्धविरामको आह्वान गरेपछि छलफल पश्चात् यो सहमति भएको बताउनुभयो। विदेश मन्त्रालयले दुई देशबीच गोलीबारी र सैन्य कारबाही रोक्ने विषयमा प्रत्यक्ष सहमति भएको स्पष्ट पारेको छ। अन्य कुनै पनि स्थानमा अनि कुनै पनि विषयमा वार्ता गर्ने निर्णय भएको छैन।

**2. Fact Check: NSD**

पाकिस्तानले सामाजिक सञ्जालमा दुष्प्रचारको सहारा लिइरहेको छ। यसैले यस्ता संवेदनशील समयमा हरेक जानकारीको सावधानीपूर्वक जाँच गर्न जरुरी छ। यदि कुनै संदिग्ध सामग्री, विशेगरी भारतीय सशस्त्र बल अथवा वर्तमान स्थितिसित सम्बन्धित कुनै पनि जानकारी प्राप्त भएको खण्डमा PIB Fact Check लाई यसको सूचना दिनुहुन श्रोतागणलाई अनुरोध गरिन्छ। अथवा Whataspp नम्बर 8799711259 वा ईमेल आईडी socialmedia@pib.gov.in मा पनि यस्ता सामग्री र जानकारी पठाउन सकिने अवगत गराइन्छ।

**3.CM calls on Governor of Sikkim**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज राज्यपाल ओम प्रकाश माथुरसित राजभवनमा शिष्टाचार भेट गर्नुभयो। भेटघाटका क्रममा उहाँहरूले देशको वर्तमान स्थिति र राष्ट्रिय सुरक्षासम्बन्धी विभिन्न विषयहरूमा छलफल गर्नुभयो।

**4 Sikkim Chief Minister stands with Nation**

मुख्यमन्त्री प्रेमसिंह तामाङले राष्ट्रिय सुरक्षाको बढ्दो परिदृश्यलाई ध्यानमा राख्दै राष्ट्रसँगको अटल ऐक्यबद्धतालाई पुन: दोहोऱ्याउनुभएको छ। यस महत्वपूर्ण घडीमा सारा देशसँगै काँधमा काँध मिलाएर खडा रहन सिक्किम पूर्णतः तयार रहेको उहाँले बताउनुभयो। राज्यका उच्चपदस्थ अधिकारीहरू र सुरक्षा निकायहरूसित भएको उच्चस्तरीय बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले अन्तरराष्ट्रिय नाकाहरूमा सिक्किमले महत्त्वपूर्ण भूमिका खेल्ने कुरालाई ध्यानमा राख्दै सिक्किम सरकार र यहाँका जनता मजबूत, सुरक्षित र एकत्रित भारतको साथमा रहेको आश्वासन दिनुभयो।

**5. Afghan – Missile Reax**

अफगानिस्तानले अफगान भूमिमा भारतले मिसाइल आक्रमण गरेको भन्दै पाकिस्तानले लगाएको आरोपलाई अस्वीकार गरेको छ। पाकिस्तानी सैन्य अधिकारीहरूले भारतले पाकिस्तानमाथि गरेको क्षेप्यास्त्र आक्रमणमा अफगानिस्तानको भूभागलाई पनि निशाना बनाएको दाबी गरेका थिए।

**6. Govt Advisory**

सरकारले सामुदायिक जागरूकता अभियान बाहेक अन्य कुनै पनि कार्यक्रमहरूमा नागरिक रक्षा हवाई आक्रमण साइरनको आवाज प्रयोग नगर्न सबै सञ्चार माध्यमहरूलाई परामर्श जारी गरेको छ। आफ्नो विज्ञप्तिमा, गृह मन्त्रालयले भनेको छ, साइरनको नियमित प्रयोगले नागरिकहरूलाई हवाई आक्रमणको साइरनप्रति असंवेदनशील बनाउन सक्छ र वास्तविक हवाई आक्रमणको समयमा यसलाई सामान्य घटना मान्न बाध्य तुल्याउन सक्छ।

**7. Kuzu Festival concludes today**

सिक्किमको संस्कृति विभागद्वारा आयोजित १ मे देखि सञ्चालित कुजु सांस्कृतिक महोत्सव २०२५ आज समाप्त भएको छ।

**8.Sikkim- Melli - Railway Survey Approves**

रेल मन्त्रालयले सिक्किममा मल्लीदेखि देन्ताम हुँदै जोरथाङ र लेगशेपको निम्ति एक नयाँ रेलमार्गको स्थल सर्वेक्षण गर्न मञ्जुरी दिएको छ। यसले सिक्किमको दक्षिणी र पश्चिमी क्षेत्रहरूमा रेलको विस्तारलाई बढावा दिनेछ। प्रस्तावित मार्गको उद्देश्य एउटा महत्त्वपूर्ण आधारभूत संरचनाको कमीलाई पूर्ति गर्नु हो, जस मार्फत भारतको चिवाभञ्ज्याङ र नेपालको सिमामा अवस्थित देन्ताम जस्ता दूर्गम इलाकाहरू पनि राष्ट्रिय रेलमार्गको माध्यमले जोडिने छन्। उल्लेख्य, सिक्किमका लोकसभा सांसद इन्द्र हाङ सुब्बाले प्रस्ताव गर्नुभएको माग बमोजिम रेलमन्त्री अश्विनी वैष्णवले सर्वेक्षणको निर्देशन दिनुभएको हो।